# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नुवाकोट, अर्घाखाँची
### प्रदेश नं.५, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

## सेवा करारमा रोजगार संयोजक पदपूर्ती गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०९/१३**

भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालयको रोजगार सेवा केन्द्रमा रहेर कार्य गर्नका निम्ति तपसिलका पदमा सेवा करारमा (अस्थायी) कर्मचारी भर्ना गर्नुपर्ने भएकोले योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | १/०७६/७७ | **रोजगार संयोजक (छैठौ तह)** | १ |

१ **शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

२ **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरू** : नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी र संलग्न सबै कागजातहरुमा उम्मेदवार स्वयंले अनिवार्य प्रमाणित गरेको हुनुपर्नेछ ।

३ **उमेर हद:** दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

४ **परीक्षाको विधि र किसिम** : रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ ले निर्धारण गरेको संक्षिप्त सूची (Short Listing) र छनौट परीक्षा (सेवा सम्बन्धी बिषय र कम्प्यूटर सम्बन्धी बिषय) तोकिएको पाठ्यक्रम र पूर्णाङ्कको अधिनमा रहेर लिइने छ ।

५ **आवेदन दस्तुर** : आवेदन दस्तुर रु.१०००।- (एक हजार मात्र)

६ **करार अवधि** : आ.ब.२०७६/०७७ को अन्त्यसम्म (आवश्यकता बमोजिम थप हुन सक्ने छ ।)

७ **काम गर्नुपर्ने स्थान** : नगरपालिकाको कार्यालय र अन्तर्गत १० वटा वडाहरु ।

८ **सम्पादन गर्नुपर्ने कामको विवरण** : नियम तथा मापदण्डले तोके बमोजिम ।

९ **पारिश्रमिक** : नियम तथा मापदण्डले तोके बमोजिम ।

१० **आवेदन दिने अन्तिम मिति र स्थान** : मिति २०७६ पौष २७ गते आइतबार कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची, प्रशासन शाखा ।

११ **परीक्षा मिति** : संक्षिप्त सूची (Short Listing) को सूचीसँगै प्रकाशन गरिने छ ।

१२ रितपूर्वक प्राप्त नभएका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन । थप जानकारीका लागि ९८५७०६६३८९ मा सम्पर्क गर्न सकिने छ ।

१३ सूचनामा उल्लेख नभएका अन्य बिषयहरु प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय**
नुवाकोट, अर्घाखाँची